संचालक समिति

श्री राजेन्द्र गिरी
अध्यक्ष
संस्थापक समूह
पो.उ.म.न.पा.–८, सिमलचौर कास्की
हाल : समिति मार्ग, बबरमहल, काठमाडौं

श्री दिपक श्रेष्ठ
सञ्चालक
सर्वसाधारण समूह
पो.उ.म.न.पा.–८, सृजनाचोक, कास्की

श्री गोपाल प्रसाद पौडेल
सञ्चालक
संस्थापक समूह
पो.उ.म.न.पा.–७, रत्नचोक, कास्की

श्री नारायण प्रसाद पौडेल
सञ्चालक
संस्थापक समूह
पो.उ.म.न.पा.–८, सिमलचौर, कास्की

श्री सुरेश कुमार उपाध्याय
सञ्चालक
सर्वसाधारण समूह
का.म.न.पा.–३५, कोटेश्वर, काठमाडौ

श्री महेश बहादुर बस्नेत
सञ्चालक
संस्थापक समूह
का.म.न.पा.–१०, काठमाडौ

श्रीमती इन्द्र कुमारी गुरूङ्ग
सञ्चालक
सर्वसाधारण समूह
ल.उ.म.न.पा.–८, भैंसेपाटी, ललितपुर

Vision

☞ To be a nationally respected financial institution that provides most trusted and best financial services, leveraging technology and delivered by best people.

Mission

☞ To be one of the most admired financial services organization which is recognized on "customer-focused" and "inclusive employee culture" ensuing to positive contribution to the society in which we live and work.

Values

1. Client Centricity:
   a. We help the customer succeed.
   b. We deliver the best services to our customer, understanding their needs.
   c. We strive to pursue mutually benefical customer relationships through fair dealing.
2. Mutual co-operation and Teamwork
   a. We promote shared responsibility and collaboration toward a common outcome.
3. Integrity & Discipline:
   a. We maintain the ethical standard and Integrity.
   b. We live by the rules and regulations set by the organization and be accountable to deliver on our commitments.
4. Continous Improved performance:
   a. We focus on continous organizational and personal improvement.
   b. We drive value for shareholders by putting long-term success over short-term gain.
5. Innovation:
   a. To build on clients' success by continually seeking suitable solutions to their problems.
   b. We focus on improvement on our processes regularly by encouraging new and better ways of doing things.

बिषय-सूचि

क्र.सं.	बिषय	पेज नं.
१	विशेष साधारण सभा सम्बन्धी सूचना	१
२	विशेष साधारण सभा सम्बन्धी सामान्य जानकारी	३
३	विशेष साधारण सभाका लागि संचालक समितिको प्रतिवेदन	४–१५
४	प्रबन्धप्रत्रमा संशोधन	१६
५	नियमावलीमा संशोधन	१७–१८
६	प्रोक्सी फाराम	१९
७	प्रवेश पत्र	१९
८	चालु आ.ब.को दोस्रो त्रयमासको वित्तीय विवरण	२१–२२
९	चालु आ.ब.को दोस्रो त्रयमासको संयुक्त वित्तीय विवरण	२३–२४

कैलाश विकास बैंक लि.
KAILASH BIKAS BANK LTD.

(रजिष्टर्ड कार्यालय, काठमाडौं, फोन नं.४४३२१३९)

को

विशेष साधारण सभा सम्बन्धी सूचना

यस संस्थाको मिति २०७२/११/३ गते बसेको सञ्चालक समितिको ३६३ औ बैठकको निर्णयानुसार निम्नलिखित मिति, स्थान र समयमा तपसीलका बिषयहरूमा छलफल तथा निर्णय गर्न विशेष साधारण सभा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

१. **सभा हुने मिति, स्थान र समय**

सभा हुने मिति : २०७२ साल फाल्गुन २१ गते शुक्रबार (४, मार्च २०१६)

स्थान : पोखरा ग्राण्ड, बिरौटा, पार्दी, पोखरा ।

समय : बिहान ९.३० बजे ।

२. **छलफलका बिषयहरू:**

(क) साधारण प्रस्तावहरू :

विशेष साधारण सभाका लागि सञ्चालक समितिको प्रतिवेदन छलफल गरि पारित गर्ने ।

(ख) विशेष प्रस्ताव :

१) संस्थाको अधिकृत पुंजी बृद्धि गर्ने ।

२) संस्थाको जारी पुंजी तथा चुक्ता पुंजी बृद्धि गर्ने ।

३) संस्थाको प्रबन्धपत्र र नियमावलीको संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेर बदल गर्न सुझाब भएमा सो सुझाव अनुसार आवश्यक फेरबदल गर्न संस्थाको संचालक समितिलाई अख्तियारी दिने ।

४) कैलाश विकास बैंक लि.सँग मेट्रो डेभलपमेन्ट बैंक लि. र नेपाल एक्सप्रेस फाइनान्स लि.बिच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५) कैलाश विकास बैंक लि.सँग मेट्रो डेभलपमेन्ट बैंक लि. र नेपाल एक्सप्रेस फाइनान्स लि.गाभिए (मर्जर) भए पछि संस्थाको नाम कैलाश विकास बैंक लिमिटेड हुने प्रस्ताव पारित गर्ने ।

६) कैलाश विकास बैंक लिमिटेड, मेट्रो डेभलपमेन्ट बैंक लिमिटेड र नेपाल एक्सप्रेस फाइनान्स लिमिटेडको सहमतिका आधारमा गरिएको सम्पत्ति, दायित्व तथा कारोवारको मुल्याँकन Due

diligence Audit (DDA) समेतको आधारमा निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) लाई पारित गर्नका साथै गाभ्ने/गाभिने सम्बन्धमा भएका सहमति पत्र तथा सम्झौताहरू अनुमोदन गर्ने ।

७) कैलाश विकास बैंक लि.सँग मेट्रो डेभलपमेन्ट बैंक लि. र नेपाल एक्सप्रेस फाइनान्स लि.गाभिए (मर्जर) पछि कैलाश विकास बैंक लिमिटेडको संशोधित प्रबन्धपत्र र नियमावली बमोजिम साधारण सभाबाट संचालकहरूको निर्वाचन नभए सम्मको अबधिका लागि संचालक समितिमा कैलाश विकास बैंक लिमिटेडको तर्फबाट अध्यक्ष सहित चार जना, मेट्रो डेभलपमेन्ट बैंक लि र नेपाल एक्सप्रेस फाइनान्स लि.को तर्फबाट एक, एक जना र एक जना विशेषज्ञ संचालक सहित सात सदस्यीय संचालक समिति रहने प्रस्ताव पारित गर्ने ।

८) कैलाश विकास बैंक लि.सँग मेट्रो डेभलपमेन्ट बैंक लिमिटेड, र नेपाल एक्सप्रेस फाइनान्स लिमिटेड एक आपसमा गाभिए पछि विद्यमान संचालक समिति भंङ्ग गरी गाभिएपछि बन्ने नयाँ संचालक समितिमा यस वित्तीय संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरूको चयन गर्ने गरी भएको संचालक समितिको निर्णयलाई अनुमोदन गर्ने ।

९) यस संस्थाका संचालक समितिका सदस्यहरूको कार्यकाल जतिसुकै बाँकी रहेता पनि गाभ्ने गाभिने कार्य सम्पन्न भई नयाँ संचालक समितिको गठन भए पश्चात विद्यमान संचालकहरूको बाँकी कार्यकाल स्वतः समाप्त भएको मानिनुका साथै नयाँ संचालकहरूको कार्यकाल आगामी साधारण सभा नभए सम्म मात्र कायम रहने प्रस्ताव पारित गर्ने ।

१०) संस्थाहरू एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्यका दौरानमा नियमनकारी निकायले कुनै विषयमा थप संशोधन गर्न कुनै निर्देशन दिएमा सो समेत मिलाई संशोधन गर्न तथा मर्जर सम्बन्धमा अन्य सम्पूर्ण कार्यहरू गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

११) हकप्रद शेयर निष्काशन गर्ने ।

(ग) विविध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

विशेष साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. हाम्रो संस्थासँग मेट्रो डेभलपमेन्ट बैंक लि. र नेपाल एक्सप्रेस फाइनान्स लि.गाभ्ने/गाभिने सम्बन्धी समझदारी पत्रमा गत मिति २०७२/७/२३ गते हस्ताक्षर भई मिति २०७२/७/२४ गते देखि यस संस्थाको शेयर कारोवार नेपाल स्टक एक्सजेन्जमा बन्द रहको छ । मिति २०७२/७/२३ गते सम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोवार भई मिति २०७२/१०/१० गते भित्र यस संस्थाको शेयर रजिष्टार ग्लोवल आइएमई क्यापिटल लिमिटेड, जमल, काठमाडौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले मात्र सो साधारण सभामा उपस्थित हुन, र मतदान गर्न सक्नेछन् ।

२. संस्थाको विशेष साधारण सभा सम्बन्धमा तयार गरेको संचालक समितिको प्रतिवेदन, प्रोक्सी फारम र प्रवेश-पत्र शेयरधनी महानुभावहरूको पंजिकृत ठेगानामा पठाइदैछ । उक्त प्रतिवेदन यस संस्थाको वेबसाइट www.kailashbank.com मा पनि केही दिन भित्रै राखिने भएकोले त्यहाँबाट पनि हेर्न सक्नु हुनेछ ।

३. साधारण सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरूले प्रवेश-पत्र साथमा लिई आउनुहुन तथा प्रवेश-पत्र नभएमा शेयर प्रमाण-पत्र, हितग्राही खाता (De– Mat A/C) को विवरण साथमा लिई आउनुहुन अनुरोध छ ।

४. प्रोक्सी ल्याउने ब्यक्ति संस्थाको शेयरधनी मध्येबाट नै हुनुपर्नेछ । प्रोक्सी सभा हुनु भन्दा ४८ घण्टा अगावै यस संस्थाको केन्द्रीय कार्यालयमा दाखिला भैसकेको हुनु पर्नेछ ।

५. सभामा भागलिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गरि सकेपछि सम्बन्धित शेयरधनी स्वयं सभामा उपस्थित भएमा शेयरधनीले गरिदिएको प्रतिनिधी (प्रोक्सी) स्वतः बदर हुनेछ ।

६. नाबालक वा बिक्षिप्त शेयरधनीको तर्फबाट संस्थाको शेयरधनी दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइरहेको व्यक्तिले मात्र सभामा भाग लिन सक्नु हुनेछ ।

७. एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधी चयन भएको एक जनाले मात्र वा शेयर लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछन् ।

८. विविध शिर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरवालाले आफूले प्रश्न गर्न चाहेको विषय बारे सभा हुनु भन्दा ७ दिन अगावै यस संस्थाको केन्द्रीय कार्यालयमा पठाउनु हुन अनुरोध गरिन्छ । त्यसरी जानकारी नदिएको बिषय उपर प्रश्न गर्न सकिने छैन ।

९. विशेष साधारण सभा सम्बन्धमा थप जानकारीको लागि यस संस्थाको केन्द्रीय कार्यालय पुतलीसडक, काठमाडौमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

कैलाश विकास बैंक लि.
KAILASH BIKAS BANK LTD.

विशेष साधारण सभाका लागि सञ्चालक समितिको प्रतिवेदन २०७२

आदरणीय शेयरधनी महानुभावहरु,

कैलाश विकास बैंक लिमिटेडको यस विशेष साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई सञ्चालक समिति तथा म आफ्नो तर्फबाट हार्दिक स्वागत एवं अभिवादन गर्दछु ।

हाम्रो संस्था कैलाश विकास बैंक लिमिटेडसँग पोखरामा केन्द्रीय कार्यालय रही कास्की, म्याग्दी र लमजुङ्ग तीन जिल्ला कार्य क्षेत्र भएको मेट्रो डेभलपमेन्ट बैंक लिमिटेड र सुन्धारा काठमाडौंमा केन्द्रीय कार्यालय रही कारोवार गर्दै आएको राष्ट्रियस्तरको वित्त कम्पनी नेपाल एक्सप्रेस फाइनान्स लिमिटेडलाई गाभ्ने कार्यलाई बैधानिकता प्रदान गरी निष्कर्षमा पुऱ्याउने उद्धेश्यले नियमित साधारण सभा सम्पन्न भइसकेको अवस्थामा यो विशेष साधारण सभा आयोजना गरिएको व्यहोरा अनुरोध गर्दछु ।

यस विशेष साधारण सभामा छलफल गर्न प्रस्तुत हुने विषयहरू समावेश गरी तयार गरिएको संचालक समितिको प्रतिवेदन यहाँहरू समक्ष पठाई सकिएको छ । उक्त प्रतिवेदनमा उल्लेख गरिएका विषयहरू स्वीकृतिका लागि यस गरिमामय सभामा प्रस्तुत गर्दछु ।

संस्थाको उन्नती र प्रगतीको लागि सदाझै यहाँहरूबाट रचनात्मक सुझाव, सहयोग र मार्ग निर्देशनहरू प्राप्त हुने नै छ भन्ने कुरामा हामीहरू विश्वस्त छौं ।

(१) मर्जर (गाभ्ने/गाभिने) को उद्धेश्य :

पूंजीगत आधार सुदृढ गरी नेपाल राज्य भर वित्तीय सञ्जाल विस्तार गर्नका साथै साना ठूला परियोजनामा लगानी विस्तार गर्न सक्ने सवल, सक्षम एवं सुदृद्ध विकास बैंकको रुपमा स्थापित गराउने र दिर्घकालिन विकासको लागि आवश्यक पर्ने स्रोत परिचालन गरी शेयरधनी लगानीकर्ताहरूलाई आकर्षक प्रतिफल, सेवाग्राहीलाई सुलभ तथा सरल रुपमा बैंकिङ्ग सेवा प्रदान गर्ने उद्धेश्यले मर्जर (गाभ्ने/गाभिने) कार्यलाई पहिलो प्राथमिकता दिइएको छ । सुशासनमा संचालन भएको, सम्पत्तिको गुणस्तर राम्रो भएको, मुनाफामा संचालन भएको, नेटवर्थ राम्रो भएको, शाखा सञ्जाल बिस्तार गर्न सहयोग पुग्ने उपयुक्त कुनै पनि बैंक तथा वित्तीय संस्थाहरूलाई/सँग मर्ज (गाभ्ने/गाभिने) कार्य गर्न संस्था सदैब तयार रहेको व्यहोरा यस सभालाई हामीले पहिले देखि नै अवगत गराउदै आएका थियौ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आ.ब.२०७२/७३ को मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाहरूको पूंजीगत आधार सुदृढ गरी दिर्घकालिन विकासको लागि आवश्यक पर्ने स्रोत परिचालन गर्न तथा वित्तीय स्थायित्व प्रवर्द्धन गर्न न्यूनतम चुक्ता पुंजी बृद्धि गर्नु पर्ने व्यवस्था गरेको, उक्त बैंकको मिति २०७२/४/२१ गतेको बै.वि.नि.वि./नीति परिपत्रबाट २०७४ साल आषाढ मसान्तसम्म "ख" वर्गको राष्ट्रियस्तरको विकास बैंकले चुक्ता पुंजी रु.२५० करोड पुऱ्याउनु पर्ने निर्देशन भएको र मर्जर र एक्विजिशनलाई प्रोत्साहन गरेको विद्यमान अवस्थामा हाम्रो संस्थाले नेपाल राष्ट्र बैंकले तोके अनुसारको चुक्ता पुंजी पुऱ्याउन आर्जित मुनाफाबाट बोनश शेयर जारी गर्नका साथै मर्जर तथा एक्विजिशनलाई नै प्राथमिकतामा राखी पुंजी योजना पेश गरेको व्यहोरा यहाँहरूलाई अवगत गराउन चाहन्छु ।

कैलाश विकास बैंक लिमिटेडसँग मेट्रो डेभलपमेन्ट बैंक लिमिटेड र नेपाल एक्सप्रेस फाइनान्स लिमिटेड एक आपसमा गाभिए सँगै बैंक तथा वित्तीय संस्थाको संख्यामा कमि आई सेवामा गुणात्मक बृद्धि हुनुका साथै खर्च कटौती, पर्याप्त पुंजी आधार, सर्वसाधारणको बैंकिङ्ग पहुँचमा बृद्धि, नेपाल राष्ट्र बैंकले निर्धारण गरेको राष्ट्रियस्तरको विकास बैंकले आगामी मिति २०७४ आषाढ मसान्तसम्म न्यूनतम चुक्ता पुंजी रु.२५० करोड पुऱ्याउन दिएको निर्देशनको कार्यन्वयनमा सहयोग तथा संस्थागत सुशासनमा अभिबृद्धि भई समग्र बैंकिङ्ग तथा वित्तीय प्रणालीको सम्बर्द्धन र सो प्रति सर्वसाधारणको विश्वसनीयतामा समेत अभिबृद्धि भई गाभ्ने/गाभिने कार्य सम्पन्न भए पछि बैंक तथा वित्तीय क्षेत्र र प्रणालीमा सकारात्मक प्रभाव पार्ने छ। देशमा उत्पादनमुलक, रोजगारमुलक, सेवामुलक एवं भौतिक पूर्वाधारका क्षेत्रहरूमा समेत लगानी गर्न सवल र सक्षम विकास बैंक भई देशको समग्र आर्थिक विकास एवं वित्तीय प्रणालीमा महत्वपूर्ण भूमिका निर्वाह हुने विश्वास लिइएको छ ।

(२) पुंजी योजना :

कैलाश विकास बैंक लि.सँग मेट्रो डेभलपमेन्ट बैंक लि. र नेपाल एक्सप्रेस फाइनान्स लि.गाभ्ने सम्बन्धमा सहमति भई शेयर आदान प्रदान अनुपातका आधारमा मर्जर पछि कायम हुने चुक्ता पुंजी रु.१,५८,०३,३६ हजारमा मा २० प्रतिशतका दरले हकप्रद शेयर निष्काशन गर्ने, मर्जर पछि कायम हुने चुक्ता पुंजी रु.१,५८,०३,३६ हजारमा शेयर प्रिमियम र चालु आ.ब.को मुनाफा समेतबाट २५ प्रतिशतका दरले बोनश शेयर जारी गर्ने तथा आ.ब.२०७३/७४ को मुनाफबाट १२ प्रतिशतका दरले बोनश शेयर जारी गर्ने गरी पुंजी योजना बनाइएकोले यस संस्थाको गत मिति २०७२ भाद्र १५ गते बसेको संचालक समितिको बैठकबाट स्वीकृत गरी नेपाल राष्ट्र बैंक समक्ष पेश गरेको पुंजी योजनालाई निम्नानुसार परिमार्जन गरिएको छ ।

[redacted]

परिमार्जित पुंजी योजना

कैलाश विकास बैंक लि.संग मेट्रो डेभलपमेन्ट बैंक लि. र नेपाल एक्सप्रेस फाइनान्स लि.गाभ्ने सम्बन्धमा सहमति भई शेयर आदान प्रदान अनुपातका आधारमा मर्जर पछि कायम हुने चुक्ता पुंजी रु.१,५८,०३,३६ हजारमा मा २० प्रतिशतका दरले हकप्रद शेयर निष्काशन गर्ने, मर्जर पछि कायम हुने चुक्ता पुंजी रु.१,५८,०३,३६ हजारमा शेयर प्रिमियम र चालु आ.ब.को मुनाफा समेतबाट २५ प्रतिशतका दरले बोनश शेयर जारी गर्ने तथा आ.ब.२०७३/७४ को मुनाफबाट १२ प्रतिशतका दरले बोनश शेयर जारी गर्ने गरी संस्थाको गत मिति २०७२ भाद्र १५ गते बसेको संचालक समितिको बैठकबाट स्वीकृत गरी नेपाल राष्ट्र बैंक समक्ष पेश गरेको पुंजी योजना नं.१ लाई निम्नानुसार परिमार्जन गरी पारीत गर्ने र सोही अनुसार अगाडी बढ्ने निर्णय गरियो ।

रु.०००

परिमार्जित पुंजी योजना

विवरण	वास्तविक		प्रक्षेपित	
	आ.ब. २०७०/०७१	आ.ब. २०७१/०७२	आ.ब. २०७२/०७३	आ.ब. २०७३/०७४
(क) चुक्ता पुंजीको विवरण				
(१) अघिल्लो आ.व.मा कायम भएको चुक्ता पुंजी	७७८,३७८	८९५,३२३	१,११०,२०१	१,९७,५४,२०
(२) बोनश शेयर जारी	११६,७५७	२१४,८७८	३९,५०,८४	२३,७०५०
(३) भिन्न अंकमा भएको शेयरलाई नगद लाभांशबाट पूर्ण अंकमा समायोजन गरिएको	१८९			
(४) हकप्रद शेयर निष्काशन गर्ने				३१,६०,६७
जम्मा (क)	८९५,३२३	१,११०,२०१	१,५०,५२,८५	२,५२,८५,३७
(ख) बैंक तथा वित्तीय संस्था लाई/संग मर्ज गर्ने				
१) मेट्रो डेभलपमेन्ट बैंक लि.			२१,६४,५४	
२) नेपाल एक्सप्रेस फाइनान्स लि.			२५,३६,८१	
जम्मा (ख)			४७,०१,३५	
अ) जम्मा चुक्ता पुंजी (क) + (ख)	८९५,३२३	१,११०,२०१	१,९७,५४,२०	२,५२,८५,३७
(आ) प्राथमिक पुंजीमा गणना हुने चुक्ता पुंजी बाहेकका अन्य शिर्षकहरु				
(१) साधारण जगेडा कोष	२,११,८२०	२,६२,६९०	४१,३७,२०	५०,१२,५०
(२) संचित नाफा	१२,५०१	१,५६१	८०,२०	४,२०,३८
(३) पुंजी समायोजन कोष (शेयर प्रिमियम)			७,७१,११	
(शेयर प्रिमियम रकम बोनश शेयरमा परिणत)			(७,७१,११)	
(४)अन्य स्वतन्त्र कोषहरु (लगानी समायोजन कोष समेत)	१०,४४८	९,९७७	१,३३,०२	१,३३,०२
कुल (आ)	**२३४७६९**	**२७४,२२८**	**४३,५०,५४**	**५५,६५,९०**
जम्मा प्राथमिक पुंजी (अ) + (आ)	**१,१३,००,९२**	**१,३८,४४,२९**	**२,४१,०४,७४**	**३,०८,५१,२७**

(क) अधिकृत पुंजी बृद्धि गर्ने :

कैलाश विकास बैंक लिमिटेडसँग मेट्रो डेभलपमेन्ट बैंक लिमिटेड र नेपाल एक्सप्रेस फाइनान्स लिमिटेड गाभिएसँगै संस्थाको अधिकृत पुंजी पनि बृद्धि हुने भएकोले हाल कैलाश विकास बैंक लि.को अधिकृत पुंजी रु.२ अर्ब ५० करोड, मेट्रो डेभलपमेन्ट बैंक लिमिटेडको अधिकृत पुंजी रु.३० करोड र नेपाल एक्सप्रेस फाइनान्स लिमिटेडको अधिकृत पुंजी रु.३० करोड समेत समावेश गरी तीन वटा संस्थाको कुल अधिकृत पुंजी रु.३ अर्ब १० करोड हुने भएकोले हाल कैलाश विकास बैंक लि.को अधिकृत पुंजी रु.२ अर्ब ५० करोड बाट बृद्धि गरी रु.३ अर्ब १० करोड पुऱ्याउन प्रस्ताव गरिएको छ।

(ख) जारी तथा चुक्ता पुंजी बृद्धि गर्ने :

कैलाश विकास बैंक लिमिटेडसँग मेट्रो डेभलपमेन्ट बैंक लिमिटेड र नेपाल एक्सप्रेस फाइनान्स लिमिटेड गाभिएसँगै संस्थाको जारी तथा चुक्ता पुंजी पनि बृद्धि हुने भएकोले हाल कैलाश विकास बैंक लि.को जारी तथा चुक्ता पुंजी रु.१,११,०२,००९००/००, मेट्रो डेभलपमेन्ट बैंक लिमिटेडको जारी तथा चुक्ता पुंजी रु.२४,८७,९७,२६४/०० र नेपाल एक्सप्रेस फाइनान्स लिमिटेडको जारी तथा चुक्ता पुंजी रु.२९,८४,४८,८००/०० गरी कुल जारी तथा चुक्ता पुंजी रु.१,६५,७४,४६,९६४/०० रहेको छ।

कैलाश विकास बैंक लिमिटेडसँग मेट्रो डेभलपमेन्ट बैंक लिमिटेड र नेपाल एक्सप्रेस फाइनान्स लिमिटेड गाभ्ने/गाभिने सम्बन्धमा भएको सहमति अनुसार शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) को आधारमा कायम भएको चुक्ता पुंजी अनुसार कैलाश विकास बैंक लि.को जारी तथा चुक्ता पुंजी रु.१,११,०२,००,९००/००, मेट्रो डेभलपमेन्ट बैंक लिमिटेडको जारी तथा चुक्ता पुंजी रु.२१,६४,५३,६२०/०० र नेपाल एक्सप्रेस फाइनान्स लिमिटेडको जारी तथा चुक्ता पुंजी रु.२५,३६,८१,४८०/०० गरी कुल जारी तथा चुक्ता पुंजी रु.१,५८,०३,३६,०००/०० हुने भएको छ।

कैलाश विकास बैंक लिमिटेडसँग मेट्रो डेभलपमेन्ट बैंक लिमिटेड र नेपाल एक्सप्रेस फाइनान्स लिमिटेड गाभ्ने/गाभिने कार्य सम्पन्न भए पछि शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) को आधारमा कायम भएको नयाँ संस्थाको चुक्ता पुंजी रु.१,५८,०३,३६,०००/०० मा २० प्रतिशतका दरले हुने रकम रु.३१,६०,६७,२००/०० बराबरको हकप्रद शेयर निष्काशन गर्ने भएकोले हकप्रद शेयर निष्काशन पछि कायम हुने पुंजी रु.१,८९,६४,०३,२००/०० सम्म जारी तथा चुक्ता पुंजी बृद्धि गर्ने प्रस्ताव गरिएको छ।

(ग) हकप्रद शेयर निष्काशन गर्ने

कैलाश विकास बैंक लिमिटेडसँग मेट्रो डेभलपमेन्ट बैंक लिमिटेड र नेपाल एक्सप्रेस फाइनान्स लिमिटेड गाभिए पछि शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) को आधारमा नयाँ बन्ने संस्थाको चुक्ता पुंजी रु.१,५८,०३,३६,०००/०० कायम हुनेछ। नेपाल राष्ट्र बैकको निर्देशन अनुसार

आगामी मिति २०७४ आषाढ मसान्तसम्म राष्ट्रियस्तरको विकास बैंकले न्यूनतम चुक्ता पुंजी रु.२ अर्ब ५० करोड पुऱ्याउनु पर्ने नीतिगत व्यवस्था भएकोले उपरोक्त अनुसारको चुक्ता पुंजी चालु आ.ब.२०७२/७३ र आगामी आ.ब.२०७३/७४ को मुनाफाबाट वितरण गरिने बोनश शेयरले मात्र पुऱ्याउन सक्ने अवस्था नरहेकोले सोको लागि हकप्रद शेयर निष्काशन गर्नुपर्ने भएको हुँदा तीन वटै संस्था मर्जर (गाभ्ने/गाभिने) कार्य सम्पन्न भए पछि शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) को आधारमा कायम रहेको चुक्ता पुंजी रु.१,५८,०३,३६,०००/० को रु.१००/०० का दरको १,५८,०३,३६० कित्ता शेयरको २० प्रतिशत अर्थात ५ किता शेयर बराबर १ कित्ता (५:१) को अनुपातले रु.१००/००० का दरको ३१,६०,६७२ कित्ता शेयरको लागि रु.३१,६०,६७,२००/००० (अक्षरुपी एकतीस करोड साठी लाख सतसट्ठी हजार दुई सय मात्र) बराबरको हकप्रद शेयर निष्काशन गर्ने निर्णय भए बमोजिम हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव यस सम्मानित सभामा पेश गरिएको छ ।

(३) आगामी पाँच वर्षको व्यावसायिक प्रक्षेपणको संक्षिप्त वित्तीय विवरण

रू.००० मा

क्र.सं.	विवरण	२०७२/७३	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७
१	शेयर पुंजी	१,९७,५४२०	२,५२,८५,३७	२,५२,८५,३७	२,५२,८५,३७	२,७८,१४,१०
२	जगेडा कोषहरू	४३,५०,५४	५५,६५,९०	६९,२०,५४	८४,९०,१२	१,००,०६,२७
३	शेयरधनी कोष	२,४१,०४,७४	३,०८,५१,२७	३,२२,०५,९१	३,३७,७५,४९	३,७८,२०,३७
४	कुल निक्षेप	१५,२९,४२,२०	१८,०४,७१,८०	२१,११,५२,१०	२४,४९,३६,३०	२८,१६,७६,७०
५	कुल कर्जा तथा सापटी	१३,२१,१६,३०	१५,५९,५६,०१	१८,२४,६८,५०	२१,१६,६३,५०	२४,३४,१३,१०
६	कुल लगानी	५५,३१,८०	६३,६१,६०	७३,१५,८०	१,०६,०७,९०	१,२१,९९,१०
७	कुल सम्पत्ति	१८,४५,७९,७०	२१,९५,३०,९०	२५,१५,२७,२०	२८,७०,१७,७०	३२,८४,३६,७०
८	खुद मुनाफा	३८,९२,२०	४३,७६,०३	५१,४७,४५	५८,६८,१०	६५,७३,२५
९	लाभांश दर (नगद लाभांश र बोनश शेयर समेत)	२५	१६	१५	१७	२०

(४) देशको वर्तमान आर्थिक अवस्था :

(क) अर्थ मन्त्रालयले चालू आर्थिक वर्ष २०७२/७३ को बजेटको मध्यावधि समिक्षा सार्वजनिक गरेको छ । बजेट वक्तव्य सार्वजनिक गर्ने समयमा चालू आ.ब.को आर्थिक बृद्धिदर ६ प्रतिशत हुने अपेक्षा गरिएकोमा अर्धवार्षिक समय समाप्त हुँदाँ आर्थिक बृद्धिदर २ प्रतिशतमा सिमित रहने जनाएको छ । गत २०७२ वैशाख १२ र २९ गते देशमा गएको भूकम्प र त्यसपछि गएका भूकम्पका पराकम्पले ठूलो धनजनको क्षति हुनका साथै सार्वजनिक खर्चमा पारेको असरले समग्र अर्थतन्त्रमा शिथिलता ल्याएको अवस्थाबाट सहजता तर्फ उन्मुख हुन नपाउदै चालु आ.को शुरु देखि तराई क्षेत्रमा चलेको बन्द र आन्दोलनले जनताको दैनिकी अत्यन्तै कष्टकर हुन पुग्यो । तराई क्षेत्रका अधिकांश उद्योग व्यवसायहरू बन्द भए । इन्धनको अभावले

विकास निर्माणका पूर्वाधारहरू नराम्रोसँग प्रभावित भए । निर्माणधिन सडक, पुल, जलबिद्युत उत्पादन गर्ने कम्पनीका साथै निजी क्षेत्रका उद्योग व्यवसाय सबै बन्द प्राय भए । देशमा पेट्रोलियम पदार्थ र खाद्यन्नको चरम संकट पर्न गयो । कालोबजारीले प्रशय पायो । मुल्य बृद्धिले सिमानाघेर ११.४ प्रतिशत सम्म हुन पुग्यो ।

सरकारले चालू आ.ब.का लागि विनियोजित गरेको पुंजीगत खर्च रु.२ खर्ब ८ अर्ब मध्ये पहिलो ६ महिनामा जम्मा रु.१५ अर्ब मात्रै खर्च भएको छ, जुन विनियोजित रकमको लगभग ७ प्रतिशत मात्रै हुन आउछ । न्यून सरकारी खर्च, तराई आन्दोलन, भारतीय नाकाबन्दीले निजी क्षेत्र बढी प्रभावित भएको छ । निजी क्षेत्रले १३५ दिनको बन्द र आन्दोलनले लगभग रु.३ खर्ब गुमाएको अनुमान गरेको छ । लगानीमा ७० प्रतिशत हिस्सा राख्ने निजी क्षेत्रको यत्रो ठूलो नोक्सानीका बिच २ प्रतिशतको आर्थिक बृद्धिदर हासिल गर्न सम्भब नभएको आर्थिक क्षेत्रका विज्ञहरूको भनाइ रहेको छ ।

तराई आन्दोलन र नाकाबन्दीले निर्यात व्यापार २७ प्रतिशतले घटेको छ भने आयात व्यापार २५ प्रतिशतले घटेको छ र समग्र अन्तराष्ट्रिय व्यापार २५.५० प्रतिशतले घटेको छ । उत्पादन, आयात र निर्यातमा परेको असरले राजश्व संकलनमा पनि ठूलो असर परेको छ । यस वर्ष रु.४ खर्ब ७५ अर्व राजश्व असुल हुने अपेक्षा गरिएको र पहिलो ६ महिनामा रु.२ खर्ब १६ अर्वको असुली हुने लक्ष्य लिइएकोमा लक्ष्यको ७५ प्रतिशत मात्रै अर्थात रु.१ खर्ब ६४ अर्व असुली भएको छ । रेमिट्यान्स र शोधभर्नाको अवस्थामा सुधार आएकोले भुक्तानी सन्तुलनमा समस्या आएको छैन । शोधानान्तर बचत रु.१ खर्ब ३९ अर्वले बचत रहेको छ । विदेशी विनिमय संचिति पनि रु.९ खर्ब ८८ अर्ब पुगेको छ । यो रकम २१ महिनाको वस्तु १७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको जनाएको छ ।

(ख) नेपाल राष्ट्र बैकबाट प्राप्त पछिल्लो तथ्यांक अनुसार देशको वर्तमान आर्थिक तथा वित्तीय अवस्थाको संक्षिप्त विवरण :

(अ) आर्थिक परिदृष्य :

नेपालको दक्षिणी सीमा नाकाहरूमा भएको अवरोध क्रमशः खुकुलो हुँदै गएकोले आगामी दिनहरूमा आर्थिक क्रियाकलापले सकारात्मक गति लिने अनुमान गरिएको छ । रासायनिक मल तथा बीउ विजनको आपूर्ति प्रभावित भएको तथा मौसम पनि अनुकूल नरहेकोले हिउदे तरकारी एवं गहुको उत्पादनमा केही कमी आउने अनुमान गरिएको छ । राष्ट्रिय गौरवका ठूला आयोजनाहरूलाई अत्यावश्यक इन्धन आपूर्ति गर्न शुरु गरिएकोले विकास निर्माण कार्य अगाडी बढ्ने देखिन्छ । मुलुकको दक्षिणी भेग सामान्य अवस्थामा फर्किए सँगै इन्धन आपूर्ति

सहज हुँदै गएकोले आगामी दिनमा औद्योगिक क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अनुमान गरिएको छ। मुलुकमा बन्दै गएको सकारात्मक वातावरणको सन्देश बाह्य जगतमा प्रवाहित हुँदै जादा र पर्यटकीय मौसम पनि शुरु हुँदै गर्दा पर्यटन क्षेत्र सँग सम्बन्धित गतिबिधी विस्तारै बढ्दै जाने देखिन्छ। अन्तराष्ट्रिय बजारमा तेल तथा धातुजन्य पदार्थको मुल्य कम रहेको, अधिक तरलताको कारण बजार ब्याजदर न्यून रहेको र नेपाली रुपैया अमेरिकी डलरसँगको तुलनामा कमजोर हुँदै गएकाले समष्टिगत मागमा सकारात्मक प्रभाव पर्ने र सो मार्फत आगामी दिनमा आर्थिक गतिबिधीमा विस्तार आउने अवस्था देखिन्छ।

(आ) उपभोक्ता मुद्रास्फीतिः

२०७२ पुस महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १२.१ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधीमा यस्तो मुद्रास्फीति ६.८ प्रतिशत रहेको थियो।

(इ) विप्रेषण आप्रवाह :

२०७२ पुस मसान्त सम्म विप्रेषण आप्रवाह १७.३ प्रतिशतले बृद्धि भई रु.३२३ अर्ब ६९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधीमा विप्रेषण आप्रवाह ३.९ प्रतिशतले बृद्धि भएको थियो।

(ई) निक्षेप संकलन र कर्जा प्रवाह :

२०७२ पुस मसान्त सम्म बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप गत वर्षको सोही अवधीमा झै ६ प्रतिशतले बढेको छ। जसमा बाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूको निक्षेप क्रमश ६.१ प्रतिशत, २.५ प्रतिशत र ४.७ प्रतिशतले बढेको छ। वार्षिक विन्दुगत आधारमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप २०.१ प्रतिशतले बढेको छ। त्यस्तै बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ५.८ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधीमा यस्तो कर्जा ११.६ प्रतिशतले बढेको थियो। कुल प्रवाहित कर्जा मध्ये वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूको कर्जा प्रवाह क्रमश ६.६ प्रतिशत, २.२ प्रतिशत र ३.१ प्रतिशत रहेको छ। वार्षिक विन्दुगत आधारमा २०७२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १३.६ प्रतिशतले बढेको छ। यस अबधीमा केही विकास बैंकहरू बाणिज्य बैंकमा मर्ज भएका कारण विकास बैंक समूहको निक्षेप र कर्जा बृद्धिदरमा कमी हुन गएको छ।

(उ) बैंक तथा वित्तीय संस्थाहरुको मर्जर तथा प्राप्तिको अवस्था :

वित्तीय स्थायित्व अभिबृद्धि गर्न अवलम्बन गरिएको मर्जर नीति कार्यान्वयनमा आएसँगै मर्ज हुने बैंक तथा वित्तीय संस्थाहरूको संख्या बढ्दै गएको छ। बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी विनियमावली, २०६८ कार्यान्वयनमा आएपछि २०७२ पुस मसान्त सम्म ८३ वटा बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा मर्ज भई ३१ वटा संस्था

बनेका छन् । त्यसै गरी एउटा बाणिज्य बैंकले दुइ वटा वित्त कम्पनीहरू र एक विकास बैंकले अर्को एक विकास बैंक प्राप्ति (एक्विजिशन) गरेका छन् । त्यस्तै ३७ वटा बैंक तथा वित्तीय संस्थाहरू मर्जरको प्रकृयामा छन भने ४ वटा संस्थाहरू एक्विजिशनको प्रकृयामा रहेका छन् ।

(५) संस्थाको चालु आ.ब.को प्रगति विवरण

चालु आ.ब.को पहिलो त्रयमास गत मिति २०७२ बैशाख १२ र २९ गते गएको भूकम्प, तराइ आन्दोलन, नाकाबन्दी, संसदबाट पुननिर्माण सम्बन्धी ऐन पारित नहुँदा पुनर्निमार्णका कार्यहरू हुन नसक्नु, भवन निर्माण सम्बन्धी नयाँ व्यवस्था र वर्षा यामले गर्दा व्यक्तिगत आवासिय भवनहरूको निर्माण कार्यले पनि गति लिन नसक्नाका साथै नयाँ उद्योग, व्यापार व्यवसायमा जाने कर्जाको मागमा पनि शिथिलिता आएकोले संस्थाको व्यवसायको आकारमा अपेक्षित प्रगति हुन नसके पनि गत मिति २०७२ मार्ग महिना देखि निक्षेप संकलन, कर्जा प्रवाह तथा कर्जा असुली लगायतका क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ ।

२०७२ आषाढ मसान्तमा कुल निक्षेप रु.८ अर्व ९९ करोड रहेकोमा २०७२ माघ मसान्तमा आइ पुग्दा कुल निक्षेप रु.१० अर्ब ३५ करोड पुगेको छ भने २०७२ आषाढ मसान्तमा कुल कर्जा तथा सापटी रु.७ अर्ब ९३ करोड रहेकोमा २०७२ माघ मसान्तमा कुल कर्जा तथा रु.८ अर्ब ९५ करोड पुगेको छ । २०७१ माघ मसान्तमा कुल निक्षेप रु.८ अर्ब २३ करोड र कर्जा तथा सापटी रु.७ अर्ब १७ करोड रहेको थियो । वार्षिक विन्दुगत आधारमा हेर्दा २०७२ माघ मसान्तमा अघिल्लो वर्षको सोही अबधीको तुलनामा निक्षेप २५.७५ प्रतिशत र कर्जा २४.८२ प्रतिशतले बृद्धि भएको छ । लगानीमा पनि राम्रो बृद्धि भई सोबाट प्राप्त आय पनि बृद्धि भएको छ । श्रोतको लागतमा कमी हुँदै गएकोले प्रतिस्पर्धात्मक क्षमतामा पनि बृद्धि भएको छ । कर्जा असुलीमा पनि राम्रो प्रगति भएकोले निष्कृय कर्जा रकममा समेत न्यून भएको छ ।

यस संस्थाको चालु आ.ब.को दोश्रो त्रैमासिक अबधीको लेखापरीक्षण नभएको वित्तीय विवरण, कैलाश विकास बैंक लिमिटेड, मेट्रो डेभलपमेन्ट बैंक लिमिटेड र नेपाल एक्सप्रेस फाइनान्स लिमिटेडको एकिकृत गरिएको चालु आ.ब.को दोश्रो त्रैमासिक अबधीको लेखापरीक्षण नभएको वित्तीय विवरण यसै प्रतिवेदनको अंगको रुपमा पछाडीका पेजहरूमा उल्लेख गरिएको छ ।

(६) तीन वटै संस्था गाभ्ने/गाभिने कार्य सम्पन्न भए पछिको अवस्था :

क) पुंजी

नेपाल राष्ट्र बैंकको नीतिगत एवं प्रकृयागत व्यवस्था अनुसार “ख” वर्गको राष्ट्रियस्तरको विकास बैंकको लागि न्युनत्तम चुक्ता पूँजी रु. २५० करोड हुनु पर्नेमा गाभ्ने/गाभिने संस्था मध्ये कैलाश विकास बैंक लिमिटेड, मेट्रो डेभलपमेन्ट बैंक लिमिटेड र नेपाल एक्सप्रेस फाईनान्स

लिमिटेडको २०७१/७२ को वार्षिक साधारण सभा पश्चात शेयर आदान प्रदान अनुपातको आधारमा समायोजन पश्चात कायम रहेको चुक्ता पुंजी रु.१५८ करोड पुगेको छ। नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार २०७४ आषाढ मसान्त सम्म रु.२५० करोडको चुक्ता पुंजी पुऱ्याउन मर्जर पश्चात कायम रहेको चुक्ता पुंजीमा २० प्रतिशतका दरले हकप्रद शेयर निष्काशन गर्ने र चालु आ.ब. २०७२/७३ तथा आगामी आ.ब.२०७३/७४ को मुनाफाबाट बोनश शेयर जारी गर्दा सजिलै पुग्न सक्ने देखिन्छ।

ख) संस्थाको नाम :

विगत २२ वर्ष देखि बैंकिङ्ग क्षेत्रमा उत्कृष्ट कार्य गर्दै आएको र विगत चार वर्षमा नै राष्ट्रियस्तरका विकास बैंकहरू माझ आफूलाई एउटा सक्षम, सबल र अग्रणी संस्थाको रुपमा स्थापित गरेको कैलाश विकास बैंक लि.को नामलाई नै निरन्तरता गर्ने सम्बन्धमा कैलाश विकास बैंक लि.सँग गाभिने संस्थाहरू मेट्रो डेभलपमेन्ट बैंक लि. र नेपाल एक्सप्रेस फाइनान्स लि.सहमत भएकोले मर्जर पछिको संस्थाको नाम कैलाश विकास बैंक लिमिटेड (Kailash Bikas Bank Limited)रहने भएको व्यहोरा यहाँहरूलाई जानकारी गराउदछौ।

ग) संचालक समिति सम्बन्धी व्यवस्था

नेपाल सरकार अर्थ मन्त्रालयले व्यवस्थापिका संसदमा पेश गरेको नयाँ प्रस्तावित बैंक तथा वित्तीय संस्था सम्बन्धी विधेयकमा गरिएको व्यवस्था अनुसार सात सदस्यीय संचालक समिति हुने गरी यस संस्थाको नियमावलीमा संशोधनको व्यवस्था गरिएको छ। कैलाश विकास बैंक लि. सँग मेट्रो डेभलपमेन्ट बैंक लि. र नेपाल एक्सप्रेस फाइनान्स लि.गाभ्ने कार्य सम्पन्न भए पछि अर्को वार्षिक साधारण सभा हुने समय सम्मका लागि कैलाश विकास बैंक लि.को तर्फबाट संस्थाका वर्तमान संचालकहरू मध्ये संचालक समितिका अध्यक्ष श्री राजेन्द्र गिरी, संचालकहरू श्री दिपक श्रेष्ठ, श्री गोपाल प्रसाद पौडेल र श्री सुरेश कुमार उपाध्याय, मेट्रो डेभलपमेन्ट बैंक लि.को तर्फबाट संचालक समितिका अध्यक्ष श्री नारायण बराल र नेपाल एक्सप्रेस फाइनान्स लि.को तर्फबाट श्री सुनिल नारायण श्रेष्ठले प्रतिनिधीत्व गर्ने सम्बन्धमा तीन वटै संस्थाको आ आफ्नो संचालक समितिको बैठकबाट निर्णय भएको छ।

हाम्रो संस्थाको तर्फबाट संचालक समितिको अध्यक्षले निरन्तरता गर्ने सम्बन्धमा तीन वटै संस्था बिच पूर्व सहमति भएको र बाँकी तीन जना संचालकहरू अर्को नियमित वार्षिक साधारण सभा नहुने समयसम्मका लागि क कस्ले प्रतिनिधत्वि गर्ने र क कस्ले छाड्ने भन्ने सम्बन्धमा स्वऐच्छिक निर्णय गर्न बसेको बैठकमा संचालक समितिका सदस्यहरू श्री महेश बहादुर बस्नेत, श्रीमती इन्द्र कुमारी गुरुङ्ग र श्री नारायण प्रसाद पौडेलले संचालकहरू श्री दिपक श्रेष्ठ, श्री गोपाल प्रसाद पौडेल र श्री सुरेश कुमार उपाध्यायलाई निरन्तरता गर्न सहयोग गर्दै स्वऐच्छिक संचालक पद

छाड्ने निर्णय गर्नुभएकोले संचालक समिति उहाँहरू प्रति हार्दिक धन्यबाद व्यक्त गर्दछ ।

ग) प्रमुख कार्यकारी अधिकृत सहित कर्मचारी व्यवस्था

कैलाश विकास बैंक लिमिटेडसँग मेट्रो डेभलपमेन्ट बैंक लिमिटेड र नेपाल एक्सप्रेस फाइनान्स लिमिटेड गाभ्ने/गाभिने सम्बन्धमा भएको सहमति अनुसार गाभ्ने/गाभिने कार्य सम्पन्न भए पछि बन्ने विकास बैंकको प्रमुख कार्यकारी अधिकृतमा कैलाश विकास बैंक लि.का प्रमुख कार्यकारी अधिकृत श्री कृष्णराज लामिछानेलाई निरन्तरता दिइने र गाभ्ने/गाभिने संस्थाहरूको व्यवस्थापन लगायत अन्य तहका कर्मचारीहरूलाई उनीहरूको अनुभव, योग्यता, क्षमता र दक्षताका आधारमा खाइपाई आएको तलब भत्ता सुबिधा नघट्ने गरी उपयुक्त पदमा समायोजन गर्ने व्यवस्था गरिएको छ ।

घ) शाखा तथा ATM सञ्जाल :

हाल तीन वटै संस्थाहरूका गरी कुल ३७ वटा शाखा कार्यालय र एउटा एक्सटेन्सन काउन्टर र १७ वटा ATM बाट सेवा दिइरहेको छ । हाल एकै ठाँउमा रहेको तीन वटै संस्थाको शाखा तथा सेवा केन्द्रहरू गाभिए पछि साविक कैलाश विकास बैंक लिमिटेडको शाखा कार्यालयमा मिलान गरिने छ । गाभिए पछि बन्ने संस्थाको रजिष्टर्ड कार्यालय काठमाण्डौं महानगरपालिका वडा नं.३२, पुतलीसडक मा(साविक कैलाश विकास बैंक लिमिटेडको रजिष्टर्ड कार्यालय रहेको स्थान) मा रहने छ ।

हाल एकै ठाउंमा रहेका शाखा कार्यालयहरूलाई आवश्यकता अनुसार व्यावसायिक सम्भाव्यताको आधारमा अन्य स्थानमा स्थानान्तरण गरिनेछ । आगामी दिनमा शाखा कार्यालय विस्तार गर्दा तोकिएका प्राथमिक क्षेत्र तथा अन्य व्यावसायिक सम्भाव्यताको आधारमा प्रत्येक प्रदेश तथा प्रत्येक अञ्चल सदरमुकाममा कैलाश विकास बैंक लिमिटेडको उपस्थिती हुने गरी शाखाहरू खोली बैकिङ्ग कारोवार संचालन गर्दै जानका साथै आवश्यकताका आधारमा ATM सेवा पनि थप गर्दै लगिने योजना रहेको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउदछुं ।

ङ) शेयर आदान प्रदान अनुपात (Share SWAP Ratio)

कैलाश विकास बैंक लि.सँग मेट्रो डेभलपमेन्ट बैंक लि.र नेपाल एक्स्प्रेस फाइनान्स लि.गाभ्ने प्रयोजनका लागि तीन वटै संस्थाहरूको सम्पत्ति तथा दायित्वको मुल्याँकन Due Diligence Audit (DDA) गर्न नियुक्त मुल्याँकर्ताकर्ताबाट पेश गरिएको सम्पत्ति तथा दायित्वको मुल्याँकन Due Diligence Audit (DDA) प्रतिवेदनलाई स्वीकृत गर्ने, उक्त प्रतिवेदनलाई एउटा सम्पत्तिको रुपमा ग्रहण गर्ने तथा तीन वटा संस्थाको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) का सम्बन्धमा यस अघि तीन वटा संस्थाहरूको मर्जर समिति बिच विभिन्न मितिमा गरिएका सहमति र संचालक समितिको निर्णय अनुसार कैलाश विकास बैंक लि.को १०० कित्ता शेयर बराबर १००

कित्ता, मेट्रो डेभलपमेन्ट बैंक लि.को १०० कित्ता शेयरले कैलाश बिकास बैंक लि.को ८७ कित्ता शेयर प्राप्त गर्ने र नेपाल एक्सप्रेस फाइनान्स लि.को १०० कित्ता शेयरले कैलाश बिकास बैंक लि.को ८५ कित्ता शेयर प्राप्त गर्ने गरी निर्णय भएको छ। उपरोक्त अनुसार शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) पारित गर्न यस सम्मानित सभामा प्रस्ताव पेश गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

(च) संस्थाको गुणात्मक सुधार, व्यवसायको प्रवर्द्धन र सुरक्षा तथा संस्थागत सुशासनको प्रतिवद्धता :

तीन वटै संस्थाहरू एक आपसमा गाभिए पछि आधुनिक सूचना प्रविधिको पूर्ण उपयोग, व्यवस्थित सूचना प्रणालीको विकास गरी संस्थाको सेवा तथा सुविधामा गुणात्मक सुधार ल्याइनेछ। राष्ट्रियस्तरको विकास बैंकको रुपमा वित्तीय पहुँच नपुगेका अन्य क्षेत्रहरू पहिचान गरी शाखा सञ्जाल मार्फत सेवा विस्तार गरी व्यवसायको प्रवर्द्धन गरिने छ । उत्पादनमुलक तथा पूर्वाधार विकासमा सुरक्षित लगानीका क्षेत्रहरू पहिचान गरी लगानीलाई पूर्ण सुरक्षित गरिनेछ । प्रचलित ऐन, कानून, नीति नियम र नेपाल राष्ट्र बैंकको नीति निर्देशनहरूको पूर्ण पालना गरी संस्थागत सुशासनको मर्म र भावना अनुरुप कार्य गरिनेछ । तीन वटै संस्थाहरू आपसमा मर्ज भई बन्ने संस्थाको सेवालाई गुणस्तरीय बनाउन बैंकिङ्ग प्रणालीमा निखारता ल्याउन र बैंकको छवि स्वच्छ र उच्च राख्न आजको प्रतिस्पर्धात्मक बैंकिङ्ग बजारमा राष्ट्रियस्तरको विकास बैंकलाई आवश्यक पर्ने दक्ष व्यवस्थापकको व्यवस्था गरी संस्थागत सुशासनको मर्म र भावना अनुसार कार्य गने प्रतिबद्धता व्यक्त गर्दछु ।

छ) सूचना प्रविधिको सम्बन्धमा :

सूचना प्रविधिको हकमा हाल तीन वटै संस्थाहरूको पुमोरी सफ्टवेयर प्रयोग भई रहेकोमा गाभिए पछि बन्ने संस्थामा पुमोरी भर्जन फोर सफ्टवेयर प्रयोग गरिनेछ। साथै, सूचना प्रविधिलाई चुस्त दुरुस्त तथा आवश्यक हुने भौतिक पूर्वाधारहरू खरीद गर्ने, नेटवर्क सञ्जाल, अनलाईन सिंक्रोनाईजेशन, डिजाष्टर रिकभरी, डोमेन बेष्ड युजर प्रणाली तथा अन्य अत्याधुनिक प्रविधि तथा प्रणालीहरू डिजाईन गरी लागू गरिने छ ।

(७) प्रबन्धपत्रमा संशोधन गर्ने

प्रबन्धपत्रको दफा ६ (क) अधिकृत पुंजी रु.२ अर्ब ५० करोड बाट बृद्धि गरी रु.३ अर्व १० करोड पुऱ्याउने, दफा ६ (ख) जारी पुंजी रु.१ अर्ब ११ करोड दुई लाख नौ सयबाट बृद्धि गरी रु.१ अर्ब उनानब्बे करोड ६४ लाख ३ हजार २ सय पुऱ्याउने र दफा ६ (ग) चुक्ता पुंजी रु.१ अर्ब ११ करोड दुई लाख नौ सय बाट बृद्धि गरी रु.१ अर्ब उनानब्बे करोड ६४ लाख ३ हजार २ सय पुऱ्याउने सम्बन्धमा संशोधन प्रस्ताव गरिएको छ ।

(८) नियमावलीमा संशोधन गर्ने ।

नेपाल राष्ट्र बैंकको निर्देशन तथा प्रस्तावित बैंक तथा वित्तीय संस्था सम्बन्धी विधेयकमा भएको व्यवस्था अनुसार संस्थाको नियमावलीको नियम २७ मा संचालक समितिको गठन, संख्या र कार्यकाल सम्बन्धमा संस्थाको संचालक समितिमा १ जना संचालक संख्या घटाइ संचालकको संख्या ७ बनाइएको छ । संस्थाको संस्थापक र सर्बसाधारण समूहको शेयर अनुपात ५१:४९ प्रतिशत बनाइएकोले संस्थापक समूहबाट ३ जना, सर्बसाधारण समूहबाट ३ जना र १ जना विशेषज्ञ संचालक पद कायम गरिएको छ ।

साथै नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार नियम ३० मा संस्थाको अध्यक्ष तथा संचालक लगातार दुई पटक भन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित, वा नियुक्त हुन नसक्ने व्यवस्था गरिनुका साथै संस्थाको नियमावलीको नियम ३६ पनि प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्थामा कार्यकारी प्रमुखको पदावधी बढीमा ४ वर्षको हुने र निजको लगातार दुई पटक भन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित, वा नियुक्त हुन नसक्ने व्यवस्था गरिएको छ । यो नियमावली लागु भए पश्चात विद्यमान अध्यक्ष, संचालक तथा प्रमुख कार्यकारी अधिकृतको कार्यकाललाई पहिलो कार्यकाल मानिने व्यवस्था समेत गरिएकोछ ।

९) धन्यवाद ज्ञापन :

म संचालक समितिको तर्फबाट यस संस्थाको प्रगति तथा समृद्धिका लागि हरेक कृयाकलापमा सहयोग, सुझाब तथा अटुट साथ दिइरहनु भएका हाम्रा सम्पूर्ण शेयरधनी महानुभावहरू, ग्राहकवर्ग, शुभचिन्तकहरू तथा संस्थाको उत्तरोत्तर बिकासका लागि कटिबद्ध भई लाग्नु भएका लगनशील, दक्ष र योग्य कर्मचारीहरू सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । संस्थाको प्रगतिको लागि निरन्तर सहयोग र मार्गनिर्देशन गर्ने नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, लगायत सम्पूर्ण सम्बन्धित सरकारी निकायहरू, गैर सरकारी संघ संस्थाहरू प्रति कृतज्ञता व्यक्त गर्दछु । साथै संस्थाको गतिबिधीलाई सकारात्मक रुपमा जनसमक्ष पुऱ्याइदिने संचार जगत र प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संस्थाको प्रगतिमा सहयोग पुऱ्याउने सम्पूर्ण शुभेच्छुकहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु । अगामी दिनहरूमा पनि सबै क्षेत्रबाट यस संस्थाको प्रगतिका लागि अझ बढी स्नेह तथा सद्भाव पाउने आशा गर्दछु ।

धन्यवाद ।

राजेन्द्र गिरी
अध्यक्ष
सञ्चालक समितिका तर्फबाट

प्रबन्ध पत्रमा संशोधन

क्र.सं	साबिकको ब्यबस्था	संशोधित ब्यबस्था	संशोधन गर्नको कारण
१.	दफा ६ (क) वित्तीय संस्थाको अधिकृत पूंजी रु.२,५०,००,००,०००/- (अक्षेरुपी दुई अर्व पचास करोड हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/- का दरका २,५०,००,००० (दुई करोड पचास लाख) कित्ता थान साधारण शेयरमा विभाजन गरिएको छ ।	दफा ६ (क) वित्तीय संस्थाको अधिकृत पूंजी रु. ३,१०,००,००,०००/-(अक्षेरुपी तीन अर्व दश करोड हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/- का दरका ३,१०,००,००० (तीन करोड दश लाख) कित्ता थान साधारण शेयरमा विभाजन गरिएको छ ।	कैलाश विकास बैंक लि.सँग मेट्रो डेभलपमेन्ट बैंक लि. र नेपाल एक्सप्रेस फाइनान्स लि. गाभिनुका साथै तीन वटै संस्थाको अधिकृत पुंजी पनि समावेश हुने भएकोले
२.	दफा ६ (ख) वित्तीय संस्थाको तत्काल जारी पूंजी रु.१,११,०२,००,९००/-(अक्षेरुपी एक अर्ब एघार करोड दुई लाख नौ सय मात्र) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/- का दरका १,११,०२,००९ (एक करोड एघार लाख दुई हजार नौ) कित्ता थान साधारण शेयरमा विभाजन गरिएको छ ।	दफा ६ (ख) वित्तीय संस्थाको तत्काल जारी पूंजी रु.१,८९,६४,०३,२००/-(अक्षेरुपी एक अर्ब उनानब्बे करोड चौसट्ठी लाख तीन हजार दुइ सय मात्र) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/- का दरका १,८९,६४,०३२ (एक करोड उनानब्बे लाख चौसट्ठी हजार बत्तीस) कित्ता थान साधारण शेयरमा विभाजन गरिएको छ ।	कैलाश विकास बैंक लि.सँग मेट्रो डेभलपमेन्ट बैंक लि. र नेपाल एक्सप्रेस फाइनान्स लि.गाभ्ने/गाभिने कार्य सम्पन्न भए पछि शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) को आधार मा कायम भएको जारी पुंजी रु.१,५८,०३,३६,०००/०० मा २० प्रतिशतका दरले हकप्रद शेयर निष्काशन गर्ने भएकोले ।
३	दफा ६ (ग) वित्तीय संस्थाको तत्काल चुक्ता पूंजी रु.१,११,०२,००,९००/-(अक्षेरुपी एक अर्ब एघार करोड दुई लाख नौ सय मात्र) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/-का दरका १,११,०२,००९ (एक करोड एघार लाख दुई हजार नौ) कित्ता थान साधारण शेयरमा विभाजन गरिएको छ ।	दफा ६ (ग) वित्तीय संस्थाको तत्काल चुक्ता पूंजी रु.१,८९,६४,०३,२००/-(अक्षेरुपी एक अर्ब उनानब्बे करोड चौसट्ठी लाख तीन हजार दुइ सय मात्र) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/- का दरका १,८९,६४,०३२ (एक करोड उनानब्बे लाख चौसट्ठी हजार बत्तीस) कित्ता थान साधारण शेयरमा विभाजन गरिएको छ	कैलाश विकास बैंक लि.सँग मेट्रो डेभलपमेन्ट बैंक लि. र नेपाल एक्सप्रेस फाइनान्स लि.गाभ्ने/ गाभिने कार्य सम्पन्न भए पछि शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) को आधार मा कायम भएको चुक्ता पुंजी रु.१,५८,०३,३६,०००/०० मा २० प्रतिशतका दरले हकप्रद शेयर निष्काशन गर्ने भएकोले ।

नियमावलीमा संशोधन

क्र.सं	साबिकको ब्यबस्था	संशोधित ब्यबस्था	संशोधन गर्नको कारण
१.	नियम २७, **संचालक समितिको गठन, संख्या र कार्यकालः** (२) यस वित्तीय संस्थामा ८ जनाको संचालक समिति हुनेछ । जसमा संस्थापक समूहबाट निर्वाचित/मनोनित ४ जना, सर्बसाधारण शेयरधनीहरूबाट निर्वाचित ३ जना र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक हुनेछन् ।	नियम २७ **संचालक समितिको गठन, संख्या र कार्यकाल :** (२) यस वित्तीय संस्थामा ७ जनाको संचालक समिति हुनेछ । जसमा संस्थापक समूहबाट ३ जना, सर्बसाधारण शेयरधनीहरूबाट निर्वाचित ३ जना र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक हुनेछन् ।	संस्थाको संचालक समितिमा १ जना संचालक संख्या घटाइएको र संस्थाको संस्थापक तथा सर्बसाधारण समूहको शेयरको अनुपात ५१: ४९ प्रतिशत कायम गराई सकिएकोले संस्थापक समूहबाट ३ जना र सर्बसाधारण समूहबाट ३ जना संचालक पद संख्या कायम गरिएको ।
	(४)वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले संचालक पद रिक्त हुन आएमा बाँकी अबधीका लागि संचालकको नियुक्ती जुन प्रक्रियाबाट पहिले नियुक्त भएको थियो सोही प्रक्रिया र समूह/उपसमूहबाट गरिनेछ । कुनै संचालकको कार्यकाल पुरा नहुँदै विचमा पद रिक्त भई सो पदमा नियुक्त भएको संचालकको कार्यकाल जुन संचालकको पद रिक्त भई नियुक्त भएको हो सो संचालकको बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ ।	(४)वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले संचालक पद रिक्त हुन आएमा बाँकी अबधीका लागि संचालकको नियुक्ती जुन प्रक्रियाबाट पहिले नियुक्त भएको थियो सोही प्रक्रिया र समूहबाट गरिनेछ । कुनै संचालकको कार्यकाल पुरा नहुँदै विचमा पद रिक्त भई सो पदमा नियुक्त भएको संचालकको कार्यकाल जुन संचालकको पद रिक्त भई नियुक्त भएको हो सो संचालकको बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ ।	संस्थाको शेयर स्वामित्वमा उप समूह नभएकोले उपसमूह हटाइएको ।
	तर वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको संचालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारण सभासम्मको लागि समितिले सोही समूह उपसमूहबाट संचालक नियुक्त गर्न सक्नेछ ।	तर वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको संचालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारण सभासम्मको लागि समितिले सोही समूहबाट संचालक नियुक्त गर्न सक्नेछ ।	संस्थाको शेयर स्वामित्वमा उपसमूह नभएकोले उपसमूह हटाइएको ।

क्र.सं	साबिकको व्यबस्था	संशोधित व्यबस्था	संशोधन गर्नको कारण
२	नियम ३०, **संचालक पुनः नियुक्ति हुन सक्ने वा नसक्ने:** एक पटक संचालक भइसकेको व्यक्ति संचालकमा पुनः नियुक्ति हुन सक्नेछ ।	नियम ३०, **संचालक पुनः नियुक्ति हुन सक्ने वा नसक्ने:** संस्थाको अध्यक्ष तथा संचालक लगातार दुई पटक भन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित, वा नियुक्त हुन सक्ने छैन् । यो नियमावली लागु भए पश्चात विद्यमान अध्यक्ष र संचालकको कार्यकाललाई पहिलो कार्यकाल मानिने छ ।	नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार संस्थाको अध्यक्ष तथा संचालक लगातार दुई पटक भन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित, वा नियुक्त हुन नसक्ने व्यवस्था गरिएको ।
३	नियम ३६, **प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था:** ४) कार्यकारी प्रमुखको पदावधी ४ वर्षको हुनेछ । र निजको पुर्ननियक्ति हुन सक्नेछ ।	नियम ३६, **प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था:** ४) कार्यकारी प्रमुखको पदावधी ४ वर्षको हुनेछ । निजको लगातार दुईपटक भन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित, वा नियुक्त हुन सक्ने छैन् । यो नियमावली लागु भए पश्चात विद्यमान प्रमुख कार्यकारी अधिकृतको कार्यकाललाई पहिलो कार्यकाल मानिनेछ ।	नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार संस्थाको कार्यकारी प्रमुख लगातार दुई पटक भन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित, वा नियुक्त हुन नसक्ने व्यवस्था गरिएको ।

प्रोक्सी फाराम

श्री सञ्चालक समिति
कैलाश विकास बैंक लिमिटेड
न्यू प्लाजा, मार्ग, पुतलीसडक, काठमाडौं

विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।

..... जिल्ला .....न.पा./गा.वि.स वडा नं. ..... बस्ने म/हामी .... ले त्यस संस्थाको शेयरवालाको हैसियतले मिति २०७२ साल फागुन महिना २१ गतेका दिन हुने विशेष साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नको लागि ..... जिल्ला .....उप-महा/न.पा./गा.वि.स.वडा नं.....बस्ने त्यस संस्थाका शेयरवाला श्री .....लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु /छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको :

दस्तखत :
नाम :
ठेगाना :
शेयरधनी नं.:

निवेदक

दस्तखत :
नाम :
ठेगाना :
शेयरधनी नं.:
शेयर संख्या :
मिति : २०७२/...../.....

नोट : यो निवेदन विशेष साधारण सभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै यस संस्थाको रजिष्टर्ड कार्यालयमा पेश गरि सक्नु पर्नेछ ।

कैलाश विकास बैंक लिमिटेड
प्रवेश–पत्र

शेयरवालाको नाम : .....
शेयर प्रमाण-पत्र नं. ..... शेयर समूह ..... शेयर कित्ता .....

शेयरवालाको सही :

कैलाश विकास बैंक लिमिटेडको मिति २०७२/११/२१ मा हुने विशेष साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेशपत्र

**** सभाकक्षमा प्रवेश गर्दा यो प्रवेश–पत्र पेश गर्नुपर्नेछ ।****

Unaudited Financial Results (Quarterly) of Kailash Bikas Bank Ltd. As at : Second Quarter (End of Poush 2072) of the Fiscal Year 2072/2073

Rs. In '000

S.N.	Particulars	This Quarter Ending	Previous Quarter Ending	Corre-sponding Previous Year Qtr. Ending
1	**Total Capital and Liabilities (1.1 to 1.7)**	**11,501,095**	**11,247,272**	**9,647,001**
1.1	Paid Up Capital	1,110,201	1,110,201	895,323
1.2	Reserve and Surplus	410,883	326,161	345,794
1.3	Debenture and Bond			
1.4	Borrowings			
1.5	Deposits ((a + b)	9,852,683	9,662,790	8,272,480
	a. Domestic Currency	9,852,677	9,652,776	8,267,137
	b. Foreign Currency	6	10,014	5,343
1.6	Income Tax Liability	2,856	19,123	-
1.7	Other Liabilites	124,472	128,997	133,404
2	**Total Assets (2.1 to 2.7)**	**11,501,095**	**11,247,272**	**9,647,001**
2.1	Cash and Bank Balance	842,304	852,657	681,647
2.2	Money at call and Short Notice	964,000	1,869,323	1,587,379
2.3	Investments (Net)	516,320	445,102	423,546
2.4	Loans and Advances (Net) a+b+c+d+e	8,507,199	7,895,910	6,802,520
	a. Real Estate Loan	983,510	1,003,604	741,257
	1.Residential Real Estate Loan (Except Personal	128,084	124,133	62,222
	Home Loan upto Rs.1 Crore)			
	2.Business Complex and Residential Apartment Construction Loan	-	-	-
	3.Income generating Commercial Complex Loan	149,467	149,845	69,289
	4.Other Real Estate Loan (Including Land purchase & Plotting)	705,959	729,626	609,746
	b. Personal Home Loan of Rs.1 Crore or Less	1,170,394	1,112,119	934,852
	c. Margin Type Loan	158,092	34,438	38,580
	d.Term Loan	1,472,587	1,349,318	886,837
	e. Overdraft Loan /TR Loan/WC Loan	2,297,354	2,101,372	2,298,324
	f. Others	2,425,262	2,295,059	1,902,670
2.5	Fixed Assets	117,991	117,008	95,761
2.6	Non Banking Assets (Net)			
2.7	Other Assets	553,281	67,272	56,148

3	Profit and Loss Account	Upto This Quarter	Up to Previous Qtr.	Up to Corre-sponding Previous Year Qtr.
3.1	Interest Income	477,731	229,335	440,531
3.2	Interest Expense	248,231	131,259	234,066
	A. Net Interest Income (3.1 - 3.2)	**229,500**	**98,076**	**206,465**
3.3	Fees, Commission and Discount	2,686	822	3,226
3.4	Other Operating Income	30,532	12,983	28,498
3.5	Foreign Exchange Gain/Loss (Net)	361	169	2
	B. Total Operating Income (A+3.3+3.4+3.5)	**263,079**	**112,050**	**238,191**
3.6	Staff Expenses	48,764	25,010	44,564
3.7	Other Operating Expenses	46,152	24,833	43,738
	C. Operating Profit before Provision (B-3.6-3.7)	**168,163**	**62,207**	**149,889**
3.8	Provision for Possible Losses	39,332	22,178	39,707
	D. Operating Profit (C-3.8)	**128,831**	**40,029**	**110,182**
3.9	Non Operating Income/Expenses (Net)	62,552	35,578	43,400
3.10	Write Back of Provision for Possible Loss	21,354	4,319	19,250
	E. Profit from Regular Activities(D+3.9+3.10)	**212,737**	**79,926**	**172,832**
3.11	Extra ordinary Income/Expenses (Net)	-	-	-
	F. Profit before Bonus & Taxes(E+3.11)	**212,737**	**79,926**	**172,832**
3.12	Provision for Staff Bonus	19,340	7,266	15,712
3.13	Provision for Tax	56,744	20,729	45,856
	G. Net Profit/(Loss) (F-3.12-3.13)	**136,653**	**51,931**	**111,264**
4	**Ratios**	**At the End of This Qtr.**	**At the End of Previous Qtr .**	**At the End of Corre-sponding Previous Year Qtr.**
4.1	Capital Fund to RWA	14.82%	15.39%	15.11%
4.2	Non Performing Loan (NPL) To Total Loan	1.59%	1.90%	2.80%
4.3	Total Loan Loss Provision to Total NPL	147.22%	128.02%	98.84%
4.4	Cost of Funds	5.25%	5.52%	6.00%
4.5	Credit to Deposit Ratio (Calculated as per NRB Directives)	76.66%	73.05%	73.54%
4.6	Base Rate	8.35%	8.72%	9.31%
4.7	Average Interest Spread	5.93%	5.91%	6.35%

Consilidated Unaudited Financial Results (Quarterly)
of Kailash Bikas Bank Ltd. Metro Development Bank Ltd. & Nepal Express Finance Ltd.
As at : Second Quarter (End of Poush 2072) of the Fiscal Year 2072/2073

Rs. In '000

S.N.	Particulars	Kailash Bikas Bank Ltd.	Metro Develop Bank Ltd.	Nepal Express Finance Ltd.	2072 Poush End
1	**Total Capital and Liabilities (1.1 to 1.7)**	**11,501,095**	**2,574,278**	**1,597,856**	**15,673,229**
1.1	Paid Up Capital	1,110,201	251,097	298,449	1,659,747
1.2	Reserve and Surplus	410,883	53,913	61,478	526,274
1.3	Capital Reserve from SWAP Ratio(Available for Bonus share)		-	-	-
1.4	Borrowings				-
1.5	Deposits ((a + b)	9,852,683	2,176,745	1,197,245	13,226,673
	a. Domestic Currency	9,852,677	2,176,745	1,197,245	13,226,667
	b. Foreign Currency	6	-	-	6
1.6	Income Tax Liability	2,856	31,676	6,787	41,319
1.7	Other Liabilites	124,472	60,847	33,897	219,216
2	**Total Assets (2.1 to 2.7)**	**11,501,095**	**2,574,278**	**1,597,856**	**15,673,229**
2.1	Cash and Bank Balance	842,304	156,784	48,805	1,047,893
2.2	Money at call and Short Notice	964,000	457,738	209,479	1,631,217
2.3	Investments (Net)	516,320	61,655	126,470	704,445
2.4	Loans and Advances (Net) a+b+c+d+e	8,507,199	1,839,647	1,136,819	11,483,665
	a. Real Estate Loan	983,510	124,355	84,371	1,192,236
	1.Residential Real Estate Loan (Except Personal	128,084	-	-	128,084
	Home Loan upto Rs.1 Crore)				-
	2.Business Complex and Residential Apartment Construction Loan	-	-	-	-
	3.Income generating Commercial Complex Loan	149,467	-	-	149,467
	4.Other Real Estate Loan (Including Land purchase & Plotting)	705,959	124,355	84,371	914,685
	b. Personal Home Loan of Rs.1 Crore or Less	1,170,394	230,227	125,070	1,525,691
	c. Margin Type Loan	158,092	200	87,158	245,450
	d.Term Loan	1,472,587	851,066	399,871	2,723,524
	e. Overdraft Loan /TR Loan/WC Loan	2,297,354	565,224	134,699	2,997,277
	f. Others	2,425,262	68,575	305,650	2,799,487
2.5	Fixed Assets	117,991	19,901	8,542	146,434
2.6	Non Banking Assets (Net)				-
2.7	Other Assets	553,281	38,553	67,741	659,575

3	Profit and Loss Account	Kailash Bikas Bank Ltd.	Metro Develop Bank Ltd.	Nepal Express Finance Ltd.	2072 Poush End
3.1	Interest Income	477,731	119,990	81,776	679,497
3.2	Interest Expense	248,231	66,748	48,347	363,326
	A. Net Interest Income (3.1 - 3.2)	**229,500**	**53,242**	**33,429**	**316,171**
3.3	Fees, Commission and Discount	2,686	1,267	1,353	5,306
3.4	Other Operating Income	30,532	6,756	3,017	40,305
3.5	Foreign Exchange Gain/Loss (Net)	361	-		361
	B. Total Operating Income (A+3.3+3.4+3.5)	**263,079**	**61,265**	**37,799**	**362,143**
3.6	Staff Expenses	48,764	7,766	7,399	63,929
3.7	Other Operating Expenses	46,152	10,399	6,071	62,622
	C. Operating Profit before Provision (B-3.6-3.7)	**168,163**	**43,100**	**24,329**	**235,592**
3.8	Provision for Possible Losses	39,332	1,655	1,214	42,201
	D. Operating Profit (C-3.8)	**128,831**	**41,445**	**23,115**	**193,391**
3.9	Non Operating Income/Expenses (Net)	62,552	-	(31)	62,521
3.10	Write Back of Provision for Possible Loss	21,354	-	-	21,354
	E. Profit from Regular Activities (D+3.9+3.10)	**212,737**	**41,445**	**23,084**	**277,266**
3.11	Extra ordinary Income/Expenses (Net)	-	-	-	-
	F. Profit before Bonus & Taxes (E+3.11)	**212,737**	**41,445**	**23,084**	**277,266**
3.12	Provision for Staff Bonus	19,340	3,768	2,099	25,207
3.13	Provision for Tax	56,744	11,303	6,296	74,343
	G. Net Profit / (Loss) (F-3.12-3.13)	**136,653**	**26,374**	**14,689**	**177,716**

नोट: .....

नोट: .....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

.....

व्यवस्थापन समूह

कृष्णराज लामिछाने
प्रमुख कार्यकारी अधिकृत

पवन ढकाल
सहायक महाप्रबन्धक
प्रमुख कर्जा/जोखिम व्यवस्थापन विभाग

गंगाधर पराजुली
कम्पनी सचिव
प्रमुख लेखा/वित्त विभाग

रामचन्द्र पौडेल
प्रमुख
सूचना प्रबिधि विभाग

बिमलकुमार तिमिल्सेना
प्रमुख
कार्य सञ्चालन/प्रशासन विभाग

बन्दना शर्मा
प्रमुख
मानव संशाधन विभाग

प्रिशल पोखरेल
प्रमुख
आन्तरिक लेखा परीक्षण विभाग

शाखा प्रमुखहरू:

अम्बिका शर्मा
चिप्लेढुङ्गा, पोखरा

उमा शाही
न्यूप्लाजा, पुतलीसडक

सालिकराम लामिछाने
दमौली, तनहूँ

प्रेम गिरी
महाबौद्ध, काठमाडौं

शिव ढकाल
लामाचौर, पोखरा

मोहन थापा
पृथ्वीचोक, पोखरा

बसन्त पाण्डे
महेन्द्रपथ, बाग्लुङ

लक्ष्मण बराल
लेकसाइड,पोखरा

भानुभक्त लम्साल
नारायणगढ, चितवन

बालकृष्ण बन
कलंकी, काठमाडौं

विकास श्रेष्ठ
सामाखुशी, काठमाडौं

सरोज पौडेल
चाबहिल, काठमाडौं

शोभा भुर्तेल
बाझापटन, पोखरा

दिनेश अधिकारी
बुढीबजार, लेखनाथ, कास्की

डोल बहादुर थापा
पुतलीबजार, स्याङ्गजा

रवि श्रेष्ठ
च्यामासिंह, भक्तपुर

विवेक खड्का
मध्यपुर, ठीमी

सुवास श्रेष्ठ
महापाल, ललितपुर

ज्ञानेन्द्र गिरी
रुपन्देही, बुटवल

सन्दिप पौडेल
सन्धिखर्क, अर्घाखाँची

उमाकान्त तिवारी
कुस्मा, पर्वत

सुशिला श्रेष्ठ
विशालबजार, न्यूरोड, काठमाडौं

सुवास बराल
नयाँ बानेश्वर, काठमाडौं

बुद्धिराज बराल
न्यूरोड, पोखरा

बसन्त प्रकाश न्यौपाने
भण्डारा, चितवन

केदारनाथ शर्मा
ठाँटीपोखरी, गोरखा